# सुन्दरहरैचा नगरपालिका
**SUNDARHARAINCHA MUNICIPALITY**
## नगर कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
विराटचोक मोरङ
Biratchowk, Morang
कोशी प्रदेश, नेपाल

प.स. ०८०/०८१
च.नं.(Ref.No.):

मितिः- २०८०/०६/१६

विषयः गहुँको उन्नत बीउ उपयोगमा ५०% अनुदान कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको प्रकाशित सूचना मितिः २०८० असोज १ गते अनुसार सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङको आ.व २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संचालन हुने उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम मार्फत तपसिलमा उल्लेखित गहुँका जातहरु अनुदानमा प्राप्त गर्न ईच्छुक कृषक समूह/ सहकारी संस्था/ कृषि फर्म/ कृषकले तोकिएको कागजातसहित सूचना प्रकाशन भएको मितिले ७ औ दिन कार्यालय समय भित्र माग आवेदन दर्ता गर्नुहुन एवम् ५०% लागत सहभागिता बराबरको रकम समेत जम्मा गर्नुहुन जानकारी गराईन्छ। साथै तोकिएका जातहरू बाहेकका, रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा सूचित गराईन्छ।

कार्यक्रमको विवरण:

| क्र.स | गहुँ बालीका जातहरू | अनुदान र मुल्य रु. |
|---|---|---|
| १ | विजय, गौतम, बि.एल ४३४१, वाणगंगा, आदित्य, अच्युत, जिङ्ग गहुँ १, जिङ्ग गहुँ २ मध्येबाट बढी माग आउने जातहरु | ५०% अनुदानमा वितरण हुने |

प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरु :

- खेति गरिने जग्गा जमिनको स्वामित्व खुल्ने कागजात वा भाडा वा जग्गा भए कम्तिमा ५ वर्षको सम्झौतानामाको प्रतिलिपि वा ऐलानी प्रमाणित कागजात
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
- कृषक समुह/ कृषि सहकारी/ कृषि फर्म/ जल उपभोक्ता समितिको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी एंव कार्यक्रम माग गरेको निर्णयको प्रतिलिपीसमेत पेश गर्नुपर्नेछ ।
- आवेदन फाराम पाईने, बुझाउने स्थान तथा आवश्यक परामर्शको लागि- सुन्दरहरैंचा नगरपालिका कृषि विकास शाखा, मोरङ मा सम्पर्क गर्नुहुन ।

फरिन्द्र प्रसाद भट्टराई
शाखा प्रमुख

अम्बिका प्रसाद चौलागाई
प्रमुख प्रशासकीय अधिकृत


PhoneNo.: - 021-545050, 545822,546822, Fax: - 021-545822, Fire Brigade: -021-546666
Website: www.sundarharaichamun.gov.np,Email: sundarharaichamun@gmail.com